# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी,असोज २३ गते,२०७६ साल(संख्या:१६

## भाग-२

### मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (प्रथम संसोधन ) २०७६

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (प्रथम संसोधन ) २०७६

प्रस्तावना ः

मुसिकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरकार्यपालिकाको वैठकले मुसिकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका लाई देहाय वमोजिम संसोधन गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** ः(१) यस निर्देशिकाको नाम "मुसिकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका (प्रथम संसोधन ) २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ ।

२. **परिभाषा** ः यस ऐनमा

(क) "अनुगमन टोली" भन्नाले कार्यालयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

(ख) "उपभोक्ता हित संरक्षण समिति" भन्नाले नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले मुसिकोट नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

(ङ) "मूल निर्देशिका" भन्नाले मुसिकोट नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका २०७४ लाई सम्झनु पर्दछ ।

(च) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्दछ ।

३. **मूल निर्देशिकाको दफा ४ मा संसोधन** ः मुसिकोट नगरपालिकाको बजार अनुगमन निर्देशिका २०७४ को दफा ४(क) को सट्टा देहायको दफा राखिएको छ ः

४(क) .उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछ ः

(क नगरपालिकाको उपप्रमुख – संयोजक

(ख) नगरपालिको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग)प्रशासन शाखा प्रमुख – सदस्य

(घ)खाद्य, गुणस्तर, औषधि÷जनस्वास्थ्य÷उद्योग बाणिज्य हेर्ने शाखा प्रमुख –सदस्य

(ङ)उद्योग बाणिज्य संघको प्रतिनिधि – सदस्य

(च)उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट समितिले मनोनित गरेको एक जना –सदस्य

(छ)नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख – सदस्य सचिव

४. **मूल निर्देशिकाको दफा ८ को उपदफा २ मा संसोधन** ः मूल निर्देशिकाको दफा ८ को उपदफा २ को सट्टा देहायको उपदफा राखिएको छ ः

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछन ः

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी– संयोजक

ख. सम्बन्धित विषयगत क्षेत्रको प्रतिनिधि – सदस्य

ग. प्रशासन शाखा प्रमुख – सदस्य

घ.उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना – सदस्य

ड..उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट समितिबाट मनोनित एक जना –सदस्य

च.नगरपालिकाको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख – सदस्य सचिव

५. **मूल निर्देशिकाको दफा ८ को उपदफा २ पछि देहायको उपदफाहरु थप गरिएको छ ः**

(३) अनुगमन टोलीमा नेपाल प्रहरी र पत्रकार प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

(४) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गरे पश्चात अनुगमन टोलीका संयोजक र सदस्यलाई प्रति दिन जनही रु. १००० (एक हजार) फिल्ड भत्ता दिइने छ । तर कम्तिमा १० पसल÷इकाई भन्दा कम अनुगमन गरिएको अवस्थामा १ दिनको गणना हुने छैन ।

**प्रमाणिकरण मिति २०७६।०६।२३**

**आज्ञाले,**
**नवराज भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू १०**

मुसिकोट राजपत्र